निर्णय नं.१:लुम्बिनीप्रदेशमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्यताका साथ मनाउन देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियोः-

क) प्रदेश स्थित सबै सरकारी कार्यालयहरुले असोज २,३,४आफ्नो कार्यालय परिसरमा राष्ट्रिय झण्डा फहराउने।

ख) सबै मन्त्रालय/ निकायहरुले आफ्नो वेबसाइडको होम पेजमा असोज २, ३, ४ गते "संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्य रुपले मनाऔं" सम्बन्धी पप अप आउने व्यवस्था मिलाउने।

ग) प्रदेशबासी आम नागरिकलाई असोज २, ३ र ४ गते घरको छत बरण्डामा दिपावली गर्न अनुरोध गर्ने।

घ) मा. मुख्यमन्त्रीज्यूबाट संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१को अवसरमा दिनुहुने शुभकामना सन्देशलाई समेटी जिङ्गल तयार गरी प्रदेशमा सूचिकृत भएका रेडियोहरु मार्फत प्रसारण गर्न अनुरोध गर्ने।

ङ) लुम्बिनी प्रदेश सभाका विपक्षी दलका नेता, लुम्बिनी प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने सबै दलका नेता, विभिन्न विषयगत समितिका माननीय सभापति र प्रदेश सभाका माननीय सदस्यहरुलाई प्रदेश सभा सचिवालयमार्फत निमन्त्रण गर्ने।

निर्णय नं. २: २०८१/०६/०२गते मा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेः-

(क) संविधान दिवसको अवसरमा सुरक्षा निकायको समन्चयमा (नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी) प्रदेश प्रशासनिक परिसरमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने र सबै सम्बन्धित मन्त्रालय, सबै सरकारी कार्यालयहरुले आफ्नो कार्यालय परिसरमा सरसफाई गर्ने।

(ख) "प्रदेश सरकार सञ्चालनका अनुभव र संघीयता कार्यान्वियनको पहिलो दशकः उपलब्धी र चुनौती" विषयक विज्ञसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम "लुम्बिनी सभाहलमा" असोज २ गते १०:३० बजे देखि सञ्चालन गर्ने।

निर्णय नं ३:२०८१/०६/०३ गते मा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेः-

क) सांस्कृतिक झाँकि सहितको प्रभातफेरी कार्यक्रममा प्रदेश प्रशासनिक परिसर जाने मुल सडकमा रहेको प्रतिक्षालयबाट पूर्व तर्फ पूर्व पश्चिम लोक मार्ग हुँदै सो मार्ग स्थित शिवालय चोकबाट उत्तर तर्फको बाटो हुँदै प्रदेश प्रशासनिक परिसरको पूर्वी गेटबाट कार्यक्रम स्थलसम्म सरकारी कर्मचारी तथा सुरक्षा निकायका कर्मचारीहरु तोकिएको पोसाकमा सहभागी हुने।

ख) असोज ३ गतेको समारोह कार्यक्रममा प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथी एवम् माननीय सभामुखज्यूलाई विशेष अतिथीको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आमन्त्रण गर्ने।

ग) प्रमुख अतिथीको लागी सलामीको व्यवस्थापन नेपाली सेनाको नेतृत्त्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा आपसी समन्वयमा गर्ने।

घ) सञ्चार माध्यम (प्रदेशमा सूचिकृत भएका टेलिभिजन) बाट कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्न अनुरोध गर्ने,

Scanned with
CamScanner

ङ) प्रभातफेरी र समारोहमा प्रदेश स्थित स्थानीय तह (गा.पा/न.पा), जिल्ला समन्वय समिति राजनीतिक दल गैरसरकारी संघ संस्था उधोग वाणिज्य संघ लगायत आम नागरिकको सहभागिता संयोजन जिल्ला समन्वय समिति दाङले गर्ने।

च) कार्यक्रम परिसरभित्र स्वास्थ्य मन्त्रालयको समन्वय र संयोजनमा निःशुल्क स्वास्थ्य चेकजाँच तथा रक्तदान कार्यक्रम सञ्चालन गर्ने।

<u>निर्णय न. ४.</u>२०८१/०६/०४ मा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेः-

(क) उपयुक्त स्थान पहिचान गरी वन तथा वातावरण मन्त्रालयले वृक्षारोपण कार्यक्रमको आयोजना तथा व्यवस्थापन गर्ने

Scanned with CamScanner